
त्रिभुवन विश्वविद्यालय

चिकित्सा शास्त्र अध्ययन संस्थान

वीरगंज नर्सिङ्ग क्याम्पस

वीरगंज, पर्सा



चमेनागृह सञ्चालन गर्ने सम्वन्धी ठेक्का

सिलबन्दी दरभाउपत्र फारम

सिलबन्दी दरभाउपत्र नं. ०१/२०८३/०८४

त्रिभुवन विश्वविद्यालय

चिकित्सा शास्त्र अध्ययन संस्थान

वीरगंज नर्सिङ्ग क्याम्पस

वीरगंज, पर्सा

चमेना गृह संचालनको सिलबन्दी दरभाउपत्र आह्वान समबन्धी ७ (सात) दिने सूचना

यस वीरगंज नर्सिङ्ग क्याम्पसको हाताभित्र चमेना गृह (क्यान्टिन) संचालन गर्न ईक्छुक नेपालमा दर्ता भएका सम्बन्धित फर्म तथा व्यवसायीहरुका लागी सिलबन्दी दरभाउपत्र पेश गर्न ७ (सात) दिने सूचना आह्ववान गरिएको छ । आवश्यक थप जानकारीको लागि यस कार्यालयको प्रशासन शाखामा सम्पर्क गर्न सक्नु हुनेछ। यो सूचना वीरगंज नर्सिङ्ग क्याम्पसको वेबसाईटबाट https://bnc.tu.edu.np पनि हेर्न सक्नु हुनेछ ।

सिलबन्दी दरभाउका शर्तहरु:

१. सिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम मिति २०८३।०७।१९ गते सम्ममा रु. १,०००।०० (फिर्ता नहुने गरी) यस कार्यालयको नेपाल बैक लिमिटेडमा रहेको खाता नं. ०४४००१००३०५८०८०००००१ (खाताको नाम: चि.शा.अ.सं.वीरगंज नर्सिङ्ग क्याम्पस) मा जम्मा गरेको सक्कलै भौचर पेश गरी कार्यालय समयमा बोलपत्र खरिद गर्न सकिनेछ ।

२. सिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मिति २०८३।०७।२० गते दिनको १२:०० बजे भित्र आफ्नो दररेट भरी सहिछाप साथ खामबन्दी गरी सो खामको बाहिर दरभाउपत्र पेशकर्ताको नाम ठेगाना र सम्पर्क नं स्पष्ट संग उल्लेख गरी दर्ता गराउनु पर्नेछ । यसरी दर्ता हुन आएका दरभाउपत्रहरु सोहि दिनको २:०० बजे वीरगंज नर्सिङ्ग कार्यालयमा प्रतिनिधिहरुको रोहोवरमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधापर्ने छैन ।

३. दरभाउपत्र साथ निम्न कागजातहरुको प्रतिलिपि समावेश गर्नुपर्ने छ ।
   - सम्बन्धित व्यवसायी सञ्चालक को नेपाली नगरिकताको प्रमाणपत्र
   - PAN/VAT मा दर्ता भएको प्रमाणपत्र ।
   - व्यवसाय दर्ता प्रमाणपत्र (समान प्रकृतिको काम गर्ने)
   - आ. व. २०८२।८३ को कर चुक्ताको प्रमाणपत्र
   - दरभाउ फारम खरिद दस्तुर बापत रकम तिरेको भौचर।

४. क्यान्टिन कोठा-२ को संचालन गरे बापत मासिक भाडा रु २,०००।०० दुई हजार मात्र कायम गरिएको छ । उक्त मासिक भाडा महिना समाप्त भएको अर्को महिनाको ५ गते भित्र कार्यालयलाई बुझाउनु पर्नेछ ।

५. दरभाउपत्र फारममा उल्लेख भएका परिकारको हकमा ईकाइ दररेट अंक अक्षरमा स्पष्ट खुलाई सिलबन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ । दरभाउपत्रमा उल्लेखित सबै परिकारहरुको दररेट स्पष्ट भर्नु पर्नेछ । यसरी सबै दररेट उल्लेख नगरेको दरभाउपत्र मान्य हुने छैन ।

६. दरभाउपत्रमा उल्लेख भएका बाहेक अन्य परिकार प्रचलित बजार दररेट आधारमा क्याम्पसले तोके अनुसार उपलब्ध गराउनु पर्नेछ ।

७. दरभाउपत्र खरिद गर्दा, दरभाउपत्र पेश गर्दा आफै वा निजको प्रतिनिधिले गर्न सक्ने र सम्झौता गर्दा निज व्यवसायी आफै अनिवार्य रुपमा उपस्थित हुनु पर्नेछ ।

८. क्यान्टिन दिनको विहान ८:०० बजे देखि वेलुका ६:०० वजे सम्म सचालन गर्नु पर्नेछ ।

९. क्यान्टिन सञ्चालन गरे बापत आफूले प्रयोग गरेको विद्युत महसुल तथा खानेपानी महसुल सञ्चालनकर्ता आफैले बुझाउनु पर्नेछ ।

१०. क्यान्टिन सञ्चालन गर्ने क्रममा भवनमा टुटफुट भएमा सञ्चालक स्वयम्ले मर्मत तथा रंगरोगन गर्नु पर्नेछ ।

११. क्यान्टिन भित्र धुम्रपान तथा मदिराजन्य वस्तुहरुको बिक्री वितरण गर्न पाईने छैन ।

१२. क्यान्टिन सञ्चालन गर्दा सरसफाईलाई ध्यान दिई सञ्चालन गर्नु पर्नेछ। उत्पन्न फोहोर व्यवस्थापन संचालक आफैले गर्नु पर्नेछ ।

१३. परिकारमा प्रयोग गरिने खानेतेल लगायत सामाग्री सफा र सुद्ध हुनुपर्नेछ ।

१४. क्यान्टिन सञ्चालन गर्दा शान्ति सुरक्षा भंग हुने गरी र कार्यालयलाई कुनै असर पर्ने गतिविधि सञ्चालन हुने गरी गर्न पाईने छैन ।

१५. दरभाउपत्र खरिद गर्दा, दरभाउपत्र पेश गर्दा, वा सम्झौता गर्दा आफै वा निजको प्रतिनिधिको हकमा निजले लिखित रुपमा दिएको मन्जुरीनामा पत्र अनिवार्य पेश भएको हुनु पर्नेछ ।

१६. दरभाउपत्र स्विकृत हुने दरभाउपत्रदाताले जानकारी पाएको मितिले सात दिन भित्र धरौटी वापत एकमुष्ट रकम रु.३५,०००।- यस कार्यालयको नामको वीरगंज, वीर्ता स्थित नेपाल बैकमा रहेको धरौटी खाता नं. ०४४००१००३०५८०८०००००९ मा जम्मा गरेको सक्कलै बैंक भौचर प्रति संलग्न राखि सम्झौता गर्न आउनु पर्नेछ ।

१७. दरभाउपत्रदाताले नियमानुसार नेपाल सरकारलाई मूल्य अभिबृद्धि कर तथा यस्तै अन्य कर तिर्नु बुझाउनु पर्ने भए दरभाउपत्र दाता स्वंयले बुझाउनु पर्नेछ ।

१८. चमेना गृह सम्बन्धी कामको लागि खटिने व्यक्तिको पारिश्रमिक, सुविधा, सुरक्षा सम्वन्धी सम्पुर्ण व्यवस्था नेपाल सरकारको नियम बमोजिम दरभाउपत्रदाता स्वंयले गर्नु पर्नेछ । दरभाउपत्रदाताले चमेना गृहको काममा तोकिएका व्यक्तिहरुको फोटो सहितको नाम थर र ठेगाना कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

१९. क्याम्पसले तोकेको व्यक्ति वा समितिले खाजा/खानाको गुणस्तर जाँच गरि कार्यालयलाई जानकारी गराउनेछ । जाँच गर्दा खाजा/खानाको गुणस्तर नभएको भन्ने जानकारी प्राप्त भएमा खानाको गुणस्तर कायम गर्न संचालकलाई कार्यालयले निर्देशन गर्नेछ र सो निर्देशन संचालकले अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।

२०. कुनै कारण जनाई वा नजाइ ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार क्याम्पसमा सुरक्षित रहनेछ ।

२१. चमेनागृहबाट उपलब्ध गराइने खाद्य परिकारको परिमाण, गुणस्तर एवं चमेनागृह र वरपरको सरसफाई स्थितिका बारेमा निरन्तर अनुगमन हुने तथा पूर्वनिर्धारित स्तरको सेवा प्रवाह सन्तोषजनक भएको नपाइएमा जुनसुकै बखत क्याम्पसले हटाउन सक्नेछ।

२२. सरसफाईजन्य पानी क्याम्पसले निःशुल्क उपलब्ध गराउने र पिउने तथा खाना पकाउने स्वच्छ पानीको व्यवस्था सञ्चालक स्वयंले गर्नुपर्ने छ ।पानी किन्नु परेमा सञ्चालक स्यमंले व्यवस्था गर्नुपर्ने छ।

२३. सामान्यतया ठेक्का अवधि १ वर्षको लागि हुनेछ । तर संचालकको कार्य सन्तोषजनक भएमा आपसि सहमतिको आधारमा तय गरिने शर्तहरुको अधिनमा रहि काम गर्ने गरि पुनः एक-एक वर्षको लागि सम्झौताको अवधि थप गर्न सकिनेछ ।

२४. संचालकको कार्य सन्तोषजनक नपाइएमा कार्यालयले १५ दिनको लिखित सुचना दिई सम्झौता रद्ध गर्न सक्नेछ । साथै संचालकले सम्झौता अनुसार कार्य गर्न असमर्थ भएमा २ महिना अगावै कार्यालयलाई लिखित जानकारी दिनुपर्नेछ ।

२५. क्यान्टिन सञ्चालक आफैंले आवश्यक फर्निचर र भाडाकुँडाको व्यवस्था गर्नु पर्नेछ।

२६. कुनै कारणले सर्तमा थपघट गर्नु परेमा सो अधिकार कार्यालयमा निहित रहने छ ।

वीरगंज, पर्सा

चमेनागृह संचालन गर्ने सम्वन्धी प्रस्तावित मेनु(BOQ)

आर्थिक वर्ष २०८३/०८४

क्यान्टिन संचालन गर्न ईच्छुक नेपालमा दर्ता भएका सम्वन्धित व्यवसायीले क्यान्टिन सञ्चालन र परिकारहरुको आफूले उपलब्ध गराउन सक्ने मूल्य विवरण अंक र अक्षरमा स्पष्ट भरी प्रस्ताव पेश गर्नु पर्नेछ।

सि.नं.	खाद्य पदार्थकको विवरण	परिमाण (इकाई)	अधिकतम मुल्य रु.	मूल्य प्रति इकाई (रु)		कैफियत
				अंकमा	अक्षरमा	
१	जिरा मसिनो चामलको भात, दाल, तरकारी, साग, अचार, सलाद	भर पेट (भर छाक)	१२०.००			
२	जिरा मसिनो चामलको भात, दाल, तरकारी, साग, अचार,सलाद, पनिर करी सहित	भर पेट (भर छाक)	२५०.००			
३	जिरा मसिनो चामलको भात, दाल, तरकारी, साग, अचार,सलाद, कुखुराको मासु सहित	भर पेट (भर छाक)	२५०.००			
४	जिरा मसिनो चामलको भात, दाल, तरकारी, साग, अचार,सलाद, खसिको मासु सहित	भर पेट (भर छाक)	३५०.००			
५	कालो चिया	150 Ml	१५.००			
६	दुध चिया	150 ml Special	२५.००			
७	दुध	1 glass (200 ml boiled)	५०.००			
८	कफि दुधको	150 ml Special	५०.००			
९	अण्डा	1 pc (Boiled)	३०.००			
१०	अम्लेट	1 pc (Single egg)	३०.००			
११	चना र चिउरा	Half (80gm Chana+chiwra)	६०.००			
१२	आलु+(केराउ/चना/सिजनल तरकारी)	Half (100gm)	५०.००			
१३	पकौडा	1 plate (10pc)	१००.००			
१४	म:म: भेज	1plate=10pcs(Flour-100gm+stuffing 150gms)	१००.००			
१५	म:म: चिकेन	1plate=10pcs(Flour-100gm+stuffing 150gms)	१२०.००			
१६	भेज सि म:म:	1plate=10pcs(Flour-100gm+stuffing 150gms)	१००.००			
१७	चिकेन सि म:म:	1plate=10pcs(Flour-100gm+stuffing 150gms)	१२०.००			

चिकित्सा शास्त्र अध्ययन संस्थान

वीरगंज नरसिङ्ग क्याम्पस

वीरगंज, पर्सा

चमेनागृह संचालन गर्ने सम्वन्धी प्रस्तावित मेनु(BOQ)

आर्थिक वर्ष २०८३/०८४

क्यान्टिन संचालन गर्न ईक्छुक नेपालमा दर्ता भएका सम्वन्धित व्यवसायीले क्यान्टिन सञ्चालन र परिकारहरुको आफूले उपलब्ध गराउन सक्ने मूल्य विवरण अंक र अक्षरमा स्पष्ट भरी प्रस्ताव पेश गर्नु पर्नेछ।

सि.नं.	खाद्य पदार्थकको विवरण	परिमाण (इकाई)	अधिकतम मुल्य रु.	मूल्य प्रति इकाई (रु)		कैफियत
				अंकमा	अक्षरमा	
१८	म:म: भेज (झोल)	1plate=10pcs(Flour-100gm+stuffing 150gms)+Soup	११०.००			
१९	म:म: चिकेन (झोल)	1plate=10pcs(Flour-100gm+stuffing 150gms)+Soup	१३०.००			
२०	फाई म:म चिकेन	1plate=10pcs(Flour-100gm+stuffing 150gms)	११०.००			
[redacted]	फाई म:म भेज	1plate=10pcs(Flour-100gm+stuffing 150gms)	१३०.००			
२२	चाउमिन (भेज)	1 plate (350gm)	१००.००			
२३	चाउमिन (चिकेन)	1 plate (250gm+100gm chicken)	१२०.००			
२४	सुखा रोटी तरकारी अचाँर	1plate(3pcs roti+Tarkari+Anchar+Salad)	८०.००			
२५	सुखा रोटी	1 pcs	१५.००			
२६	आलु परौटा	1 pcs (80gm)	४०.००			
२७	जेरी, पुरी सानो र तरकारी	1 piece (1 Jeri with 80gm, 4 pcs Puri & tarkari)	८०.००			
२८	जेरी	1 piece (80gm)	२०.००			
२९	नान (सादा)	1 piece	४५.००			
३०	बटर नान	1 piece	६०.००			
३१	समोसा	1 piece	२५.००			
[redacted]	चिउरा तरकारी	1 plate	५०.००			
३३	मटका दुध चिया	150 ml Special	५०.००			
३४	मिक्स अचाँर/टमाटर अचाँर	Half (80gm)	२०.००			
३५	दही	1 Bowl (200gms)	५०.००			
३६	लस्सी	1 glass(250ml)	८०.००			
३७	मोही	1 glass(250ml)	५०.००			
३८	खिर	Full plate (250gm)	७०.००			
३९	चटपटे	1 plate with 1 Chawchaw (75gm)	५०.००			
४०	भेज थुप्पा	1 Bowl (350gms)	१००.००			

चिकित्सा शिक्षा अध्ययन संस्थान
वीरगंज नर्सिङ्ग क्याम्पस
वीरगंज, पर्सा

चमेनागृह संचालन गर्ने सम्बन्धी प्रस्तावित मेनु(BOQ)

आर्थिक वर्ष २०८३/०८४

क्यान्टिन संचालन गर्न ईवछुक नेपालमा दर्ता भएका सम्बन्धित व्यवसायीले क्यान्टिन सञ्चालन र परिकारहरुको आफूले उपलब्ध गराउन सक्ने मूल्य विवरण अंक र अक्षरमा स्पष्ट भरी प्रस्ताव पेश गर्नु पर्नेछ।

सि.नं.	खाद्य पदार्थकको विवरण	परिमाण (इकाई)	अधिकतम मुल्य रु.	मूल्य प्रति इकाई (रु)		कैफियत
				अंकमा	अक्षरमा	
४१	चिकेन थुप्पा	1 Bowl (350gms)	१८०.००			
४२	चिकेन	1/2 plate (4 pcs)	८०.००			
४३	मटन	1/2 plate (4 pcs)	१२०.००			
४४	माछा	1/2 plate (4 pcs)	१५०.००			
४५	चाउँचाउँ सूप	1 Bowl (1 Chawchaw)	६०.००			
[illegible]	आलु चप	1 plate (10pcs)	१००.००			
४७	समोसा चाट	1 plate with 2 Samosa	१००.००			
४८	फ्राई राईस भेज	1 plate	१००.००			
४९	बोतलको पिउने पानी	1 Litre	२५.००			
५०	खाजा सेट (चिउरा,आलु,सादेको भट्मास,तरकारी,सलाद,चना)	1 plate	१००.००			
५१	सेल रोटी	1pcs	३०.००			
५२	सेफाली	1pcs	६०.००			
५३	चिउरा फ्राई	1 plate(80gm chiura)	२०.००			
५४	अण्डा चिउरा(फ्राई)	1 plate(1 egg+80gm chiura)	५०.००			
५५	कालो कफी	150 Ml	३०.००			
५६	लेमन टी	150 Ml	१५.००			
[illegible]	हट लेमन वीथ हनी	150 Ml	३०.००			
५८	चाउचाउ फ्राई	1 Plate	६०.००			
५९	आलु सादेको	1 Plate	४०.००			
६०	पनिर म:म:	1plate=10pcs(Flour-100gm+stuffing 150gms)	१३०.००			

प्रस्ताव पेश गर्ने फर्म/व्यक्ति :

नाम :

बुबाको नाम :

फर्मको नाम:

ठेगाना :

हस्ताक्षर/छाप :

.....
क्याम्पस प्रमुख